# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

**केन्द्रीय कार्यालयः** बुटवल-११, कालिकानगर, रुपन्देही, फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

## १८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८३ आश्विन ०२ गते बसेको सञ्चालक समितिको ३३९औं बैठकको निर्णय बमोजिम १८औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८३ साल आश्विन २८ गते, बुधबार (तद्नुसार अक्टोवर १४, २०२६) ।
**समय** : बिहान ११:३० बजे ।
**स्थान** : होटल सेफ्रन सि.के. प्रा.लि. (हायात प्लेस), बुटवल, रुपन्देही ।

**छलफलका विषयहरुः**

**क. साधारण प्रस्तावहरुः**

१. आ.व. २०८२/०८३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरण योग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुने रकम रु.५०,२१,९७,२७२/९९ (अक्षरेपी पचास करोड एक्काइस लाख सन्तानब्बे हजार दुई सय बहत्तर रुपैंया र पैसा उनान्सय मात्र) नगद लाभांश (नगद लाभांश र बोनश शेयरको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०८३/०८४ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरण योग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ६ (छ) प्रतिशतले हुने रकम रु.३०,१३,१८,३६३/८० (अक्षरेपी तीस करोड तेह्र लाख अठार हजार तीन सय त्रिसठ्ठी रुपैंया र पैसा असी मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।
२. सञ्चालकको बैठक भत्ता तथा अन्य सुबिधाहरु बृद्धि/थप गर्ने र सोही बमोजिम नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने ।
३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीः**

१. १८औं वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८३/०६/१३ गते बैंकको शेयरधनी दर्ता किताव बन्द रहनेछ । मिति २०८३/०६/१२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न र बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्ने छन् ।
२. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि सभा सम्पन्न नहुँदासम्म खुल्ला रहनेछ ।
४. वार्षिक साधारण सभामा सहभागी हुनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचाको प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनुभन्दा न्यूनतम ४८ घण्टा अगावै कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, बुटवलमा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी महानुभावहरुले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याई प्रोक्सी दिन पाउनु हुने छैन, दिएमा प्रोक्सी बदर हुनेछ । इमेल, स्क्यान, फोटो वा अन्य विद्युतीय माध्यमबाट पठाएको प्रतिनिधिपत्र (प्रोक्सी) लाई पनि मान्यता दिईनेछ ।
५. प्रोक्सी नियुक्त गरी सक्नु भएका शेयरधनी महानुभावहरु आफै सभामा उपस्थित भई हाजिरि पुस्तिकामा दस्तखत गर्नु भएमा दिईसकेको प्रोक्सी स्वतः बदर हुनेछ ।
६. नाबालक वा फरक किसिमले सक्षम शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।
७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
८. छलफलका बिषयहरु मध्ये विविध शीर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा, छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले साधारणसभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको बिषयको जानकारी कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

**पुनश्च :**

कम्पनीको आर्थिक विवरण, शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाइएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय, बुटवल ११, रुपन्देहीमा तथा यस कम्पनीको सेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाडौंमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । आर्थिक विवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको वेवसाइट **www.srdb.com.np** मा हेर्न सक्नुहुनेछ । साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय, बुटवल ११, रुपन्देहीमा सर्म्पक राख्नुहुन वा कम्पनीको आधिकारिक इमेल **info@srdb.com.np** मार्फत लिनुहुन अनुरोध गरिन्छ ।